नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

## विद्युत विकास विभाग

सानोगौचरण, काठमाडौँ

## सुनकोसी-२ जलाशयमा आधारित जलविद्युत आयोजना (९७८ मेगावाट) को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०७८/०९/१६

वागमती प्रदेश सिन्धुली, काभ्रेपलाञ्चोक र रामेछाप जिल्लाका तपसिलका गाउँपालिका/नगरपालिकामा विद्युत विकास विभागद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**प्रस्तावकको नाम र ठेगाना -** नेपाल सरकार; ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय; विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौ

**प्रस्तावको व्यहोरा -** जलाशयमा आधारित 'सुनकोसी-२ जलविद्युत आयोजना (९७८ मेगावाट)' वागमती प्रदेशको सिन्धुली, काभ्रेपलाञ्चोक र रामेछाप जिल्लाहरुको सिमाना भएर बग्ने सुनकोसी नदीमा प्रस्ताव गरिएको छ । आयोजनाका लागि ३९५ मिटर लामो र १६८ मिटर अग्लो बाँध रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नम्बर ५ र सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका वडा नम्बर १ को सिमाना च्याकुटार नजिक प्रस्ताब गरिएको छ । बाँधबाट १.२४ कि.मि. लामो र १२ मि. व्यास भएको सुरुङ्ग मार्गबाट सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका वडा नम्बर १ मा पर्ने च्याकुटारमा प्रस्तावित विद्युतगृहमा पानी लगि विद्युत उत्पादन गर्ने प्रस्ताव गरिएको छ । विद्युत उत्पादन गरेपछि पानीलाई टेलरेसद्धारा पुनः सुनकोसी नदीमा खसालिने छ ।

**प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./न.पा./वडाहरु -** सिन्धुली जिल्लाको सुनकोसी गा.पा. वडा नं. १, २, ३, ४, ५, ६ र ७; गोलन्जोर गा.पा. वडा नं. १, २, ३, ६ र ७; काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गा.पा. वडा नं. ९; रामेछाप जिल्लाको खाँडादेवी गा.पा. वडा नं. १, २, ३ र ४; मन्थली न.पा. वडा नं. १, २, ६, ७, ८ र ११; लिखु तामाकोसी गा.पा. वडा नं. ७ र रामेछाप न.पा. वडा नं. ५, ७, ८ र ९ हरु हुन् ।

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका, नगरपालिका तथा प्रभावित वडाहरु, सो वडाका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय महानुभावहरु तथा अन्य सरोकारवाला व्यक्ती वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| **प्रस्तावक** | **परामर्शदाता** | **सम्बन्धित मन्त्रालय** |
|---|---|---|
| विद्युत विकास विभाग<br>सानोगौचरण, काठमाडौ<br>फोन नं. - ०१-४५३४११९<br>फ्याक्स नं. -०१-५२४४२५७<br>ईमेलः-<br>info@doed.gov.np | एस.डी.आर.आई. र इ.आर.एम.सी. प्रा.ली.को साझेदारी<br>नयाँबानेश्वर, काठमाडौ<br>फोन नं. - ०१-४४८३०६४, ४४६५८६३<br>फ्याक्स नं. - ०१-४४७९३६१<br>ईमेलः- ermc@ermcnepal.com | नेपाल सरकार<br>ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय<br>सिंहदरवार, काठमाडौ |